करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धि कार्यविधि , २०७९

गाउँ कार्यपालिकाबाट स्विकृत मिति- २०७९/०३/३०

विश्रामपुर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

विश्रामपुर , बारा

मधेस प्रदेश , नेपाल

CamScanner

# करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धि कार्यविधि , २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :- २०८१/०३/३०

विश्रामपुर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

विश्रामपुर , बारा

मधेस प्रदेश , नेपाल

# करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धि कार्यविधि , २०७९

**प्रस्तावना :** स्थानीय सरकार संचालन ऐन, २०७४ र संविधानको अनसुची-८ मा व्यवस्था भए बमोजिम आधारभुत र माध्यमिक शिक्षा सम्बन्धी नीति, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन र नियमन गर्ने लगायतका कार्यहरु स्थानीय तहको भएको र विश्रामपुर शिक्षा विधेयक , २०७५ मा भएको व्यवस्था अनुरुप गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने रिक्त दरवन्दी र गाउँपालिका मार्फत स्रोत जुटाई वा कार्यक्रम बनाई अनुदानमा सेवा करारमा लिने शिक्षकहरुको छनौट एवम् सिफारिस पद्धतिलाई व्यवस्थित बनाई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वाच्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाको मिति २०७९/०३/३० को वैठकबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्वन्धी कार्यविधि, २०७९ " रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाको वैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "विद्यालय" भन्नाले प्रारम्भिक वाल शिक्षा देखि कक्षा १२ सम्मको शैक्षिक संरचनालाई सम्झनु पर्दछ ।

(ख) "विषय विशेषज्ञ" भन्नाले आधारभुत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) सम्म शिक्षक छनौट तथा सिफारिस गर्ने परीक्षा संचालनका लागि यस गाउँपालिकामा

कार्यविधिको बुंदा (४) बमोजिम सूचीकृत भएका आधारभूत र माध्यमिक तहका शिक्षकहरुहरुलाई सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले विश्रामपुर गाउँ पालिका ,बारा लाई सम्झनु पर्दछ।

(घ) "विद्यालय कर्मचारी" भन्नाले विद्यालय सहयोगी, विद्यालय सहायक वा शिक्षक बाहेक विद्यालयमा नियमित हाजिर भई तलबसुविधा लिई काम गर्ने जुनसुकै कर्मचारी सम्झनु पर्दछ।

(ङ) "गाउँ शिक्षा समिति" भन्नाले विश्रामपुर "गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ।

(च) "शिक्षक छनौट समिति" भन्नाले कार्यविधि को परिच्छेद २ को दफा ३ को (१) वमोजिमको समितिलाई सम्झनुपर्दछ।

## परिच्छेद-२

## करार शिक्षक छनौट तथा सिफारिस समितिको संरचना

३. करार शिक्षक छनौट तथा सिफारिस समिति : (१) यस विश्रामपुर गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा प्रधानाध्यापक, करार शिक्षक वा गाउँपालिका मार्फत स्रोत जुटाई वा कार्यक्रम वनाई अनुदानमा सेवा करारमा लिने शिक्षकहरुको छनौट, नियुक्ति सिफारिस गर्न प्रत्येक विद्यालयमा देहायवमोजिमको एक शिक्षक छनौट समिति रहनेछ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष

(ख) गाउँपालिका शिक्षा अधिकृत वा प्रमुख प्रशासकीय अधिकृत ले तोकेको प्रतिनिधि - सदस्य

(ग) माध्यामिक तहको शिक्षक छनौट गर्नु परेमा सम्वन्धित विषयमा स्नातकत्तोर गरेको र अन्य तहका लागि कम्तिमा स्नातक तह उतीर्ण गरि सम्वन्धित तहको १० महिने वा सो सरह

तालिम हासिल गरी विषय विज्ञमा सूचीकृत व्यक्तिहरु मध्येबाट व्यवस्थापन समितिले मनोनित गरेको विषय विशेषज्ञ दुईजना - सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

## परिच्छेद-३

## विषय विशेषज्ञ सम्बन्धी व्यवस्था

४. **विषय विशेषज्ञको छनौट :** (१) यस विश्रामपुर गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने, रिक्त दरबन्दी र गाउँपालिका मार्फत स्रोत जुटाई वा कार्यक्रम बनाई अनुदानमा सेवा करारमा शिक्षक तथा कर्मचारी छनौट र सिफारिस गर्न आवश्यक पर्ने विज्ञहरुको आवश्यक योग्यता निर्धारण गरी गाउँपालिकाले ७ (सात) दिनको विषय विज्ञको रुपमा सुचीकृत हुने सूचना प्रकाशन गरी प्राप्त निवेदन मध्ये गाउँशिक्षा समितिद्धारा विज्ञहरुको अन्तिम सुची बनाई प्रकाशन गरिनेछ ।

(२) बुँदा (१) बमोजिम सुचीकृत भएका विषय विशेषज्ञहरु उपर चित्त नबुझेमा अन्तिम सूची प्रकाशन गरिएको ३ (तीन) दिनभित्र आवश्यक सबुत प्रमाण सहित गाउँकार्यपालिकाको कार्यालयमा उजुरी दिन सकिनेछ ।

(३) शिक्षक छनौट तथा सिफारिसका लागि लिईने लिखित परीक्षाको निर्धारित पाठ्यक्रम र तोकिएको ढाँचा अनुसार प्रश्नपत्र तयार गर्ने काम सुचीकृत विषय विशेषज्ञ मार्फत हुनेछ ।

(४) प्रश्नपत्र तयार गर्दा गोपनीयताका साथ तयार गरी सिलबन्दी गर्नुपर्नेछ । यसरी तयार गरिएको प्रश्नपत्र गाउँपालिकाको शिक्षा अधिकृत वा निजको प्रतिनिधीको रोहवरमा खोली परीक्षा संचालन गर्नुपर्नेछ ।

CamScanner

५. विषय विशेषज्ञको योग्यता :(१) शिक्षकको छनौट तथा सिफारिस गर्दा शिक्षक छनौट समितिमा विषय विशेषज्ञको रुपमा कार्य गर्नकालागि गाउँपालिकाले प्रकाशित गर्ने विषय विशेषज्ञको सूचीमा सूचीकृत हुनकोलागि न्युनतम योग्यता देहाय वमोजिम हुनुपर्नेछ :

क) आधारभुत (प्रा.वि. र नि.मा.वि.) तह :

शैक्षिक योग्यता : सम्वन्धित विषयमा शिक्षा संकायमा स्नातक तह वा सो सरह उत्तिर्ण,

शिक्षण अनुभव : शिक्षक सेवा आयोगको परीक्ष पास गरी स्थायी भइ कम्तिमा २ वर्ष अध्यापन गरेको,

ख) माध्यमिक (कक्षा ९ -१२) तह :

शैक्षिक योग्यता : सम्वन्धित विषयमा द्बितीय श्रेणीमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण, (अन्य संकायमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण , (अन्य संकायमा स्नातकोत्तर गरेको भएमा एक वर्षे वि.एड. गरेको हुनुपर्ने)

शिक्षण अनुभवन : मा.वि. तहको शिक्षक सेवा आयेगको परीक्षा पास गरी स्थायी भइ कम्तिमा २ वर्ष अध्यापन गरेको,

तर अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि प्राविधिक धाराका शिक्षक छनौट तथा सिफारिस समितिमा विषय विज्ञको रुपमा गाउँशिक्षा समितिका अध्यक्षले आवश्यक पदको न्यूनतम योग्यता पुगेका व्यक्तिहरु मध्येबाट तोक्न सक्नेछ। गाउँपालिका क्षेत्रभित्र विषय विज्ञको रोस्टर वनाउदा कुनै विषयको विज्ञ उपलब्ध हुन नसकेमा शिक्षा विकास तथा समन्वय ईकाई, बारा वा अन्य स्थानीय तहमा रहेका विषय विशेषज्ञ लिई परीक्षा संचालन गर्न बाधा पर्ने छैन।

## परिच्छेद-४

## शिक्षक छनौट तथा सिफारिस प्रकृया

६. प्रधानाध्यापकको नियुक्तिका लागि सिफारिस गर्न वसेको परिच्छेद २ वमोजिमको शिक्षक छनोट समितिको बैठकमा सो विद्यालयको प्रधानाध्यापक उम्मेद्वार भएमा उपलव्ध वरिष्ठतम शिक्षकलाइ सम्वन्धित विद्यालय व्यवस्थापन समितिले सदस्य सचिव भई कामकाज गर्न तोक्नेछ।

७. सामुदायिक विद्यालयमा एक मात्र शिक्षक रहेको र निज स्वयं उम्मेद्वार नै हुने अवस्था भएमा सम्वन्धित विद्यालय व्यवस्थापन समितिको सिफारिसमा विश्रामपुर गाउँपालिको शिक्षा अधिकृतले अन्य विद्यालयको प्रधानाध्यापकलाई सदस्य सचिव भई कामकाज गर्न तोक्नेछ ।

८. बुँदा (६) बमोजिमका मनोनित सदस्यको पदावधि शिक्षक छनौट प्रकृया पूरा गरी विद्यालय व्यवस्थापन समिति समक्ष शिक्षक नियुक्तिका लागि सिफारिस गरेमा स्वत: पदावती समाप्त हुनेछ ।

९. शिक्षक छनौट समितिको सचिवालय सम्वन्धित विद्यालय वा शिक्षक छनौट समितिले तोकेको स्थानमा हुनेछ ।

१०. शिक्षक छनौट समितिले शिक्षक छनोटका लागि लिईने लिखित तथा अन्तर्वार्ता परीक्षाको केन्द समितिले तोकेको स्थानमा हुनेछ तर प्राविधिक धारका विषय अध्यापन गर्ने शिक्षक/प्रशिक्षक छनोट प्रयोगात्मक गर्दा परीक्षा सम्वन्धित विषयको प्रयोगशाला भएको स्थानमा राख्नु पर्नेछ ।

११. विषय विशेषज्ञको छनौट गर्दा योग्यता पुगेका व्यक्तिहरुको स्वीकृत विशेषज्ञ सूचीबाट गोलाप्रथा द्वारा छनौट गर्नुपर्नेछ ।

१२ छनौट समितिले छनौट कार्यलाई थप पारदर्शी जवाफदेही र प्रभावकारी वनाउन र स्थानीय वडाको समेत सहभागिता रहने गरी छनौट समितिमा पर्यवेक्षकको रुपमा शिक्षा विकास तथा समन्वय इकाई वाट प्रतिनिधि , सम्बन्धित जिल्ला प्रशासन कार्यालय वाट प्रतिनिधि र जिल्ला समन्वय समिति वाट प्रतिनिधि सहित सम्बन्धित वडाको वडाध्यक्षलाई आमन्त्रित गर्न सक्नेछ र शिक्षक छनौटको परीक्षा सम्वन्धी कामको लागि आवश्यक पर्ने कर्मचारी शिक्षा शाखाले व्यवस्थापन गर्नुपर्नेछ ।

१३ परीक्षाको अनुगमन निरीक्षण गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा समिति तथा कार्यालयको अन्य तोकिएको पदाधिकारीवाट हुनेछ ।

१४ .शिक्षक छनौट समितिको वैठक सम्वन्धि कार्यविधि सो समितिले आफै निर्धारण गरे वमोजिम हुनेछ।

१५ सम्वन्धित विद्यालयका शिक्षक विषय विशेषज्ञको रुपमा मनोनित हुन पाइने छैन ।

CamScanner

१६ विषय विशेषज्ञकोलागि गाउँपालिकाले शैक्षिक सत्रको शुरुमा आवेदन माग गर्न सक्नेछ र विषय विशेषज्ञको सूचीलाई अद्यावधिक गरिनेछ ।

१७ गाउँपालिका बाट स्वीकृत गरिएको यस कार्यविधिलाई शिक्षक छनौट समितिले पूर्णरुपमा पालना गर्नुपर्नेछ ।

१८ विषय विशेषज्ञको सूचीमा सूचीकृत हुनका लागि इच्छुक प्रत्येक व्यक्तिले आयोगले निर्धारण गरेको सम्बन्धित तह तथा विषयको पाठक्रम अनुसारको १/१ प्रति (विषयगत र वस्तुगत) उत्तरकुञ्जीका सहितको प्रश्नपत्र यस गाउँपालिका बुझाउनु पर्नेछ ।

१९ कुनै विद्यालयमा शिक्षक, विद्यालय कर्मचारी, प्रधानाध्यापक पदको रिक्त दरवन्दी हुन गएमा र निजी स्रोत शिक्षकको व्यवस्थापन गर्नुपरेमा ( निजीको हकमा तलव स्रोतको समेत आँकलन गरी) गाउँपालिकाबाट अनुमतिपत्र प्राप्त गरी खुला प्रतिस्पर्धाका लागि १५ दिनको समय दिई सम्वन्धित विद्यालयले विद्यालयको सूचनापाटी, गाउँपालिको कार्यालय, सार्वजनिक स्थान तथा स्थानीय पत्रपत्रिकामा सूचना प्रकाशनगरी सो को मुचुल्का वा भर्पाई लिएर विज्ञापन प्रकाश गर्नुपर्नेछ यसरी विज्ञापन गर्दा पहिलो साता शिक्षक सेवा आयोगद्वारा सम्वन्धित तहको करार सूचीमा सूचिकृत उम्मेद्वारवाट दरखास्त आह्वान गर्ने र सो अवधिमा कुनै पनि उम्मेद्वारको दरखास्त नपरेमा आठौं दिन वाट तोकिएको योग्यता पुगेका उम्मेद्वारवाट खुला प्रतिस्पर्धाका लागि दरखास्त दिने व्यवस्था मिलाउने ।

२० दरखास्त प्राप्त भईसकेपछि छानविन गरी रीत पुगेको दरखास्तलाई दर्ता गरी दरखास्त वालालाइ प्रवेशपत्र प्रदान गरिनुका साथै स्वीकृत नामावलीको सूची टाँस गरि उम्मेद्वारलाई लिखित तथा अन्तवार्ताको मिति समेत जानकारी गराउनु पर्नेछ ।

२१ दरखास्त शुल्क शिक्षक सेवा आयोगले तोकेभन्दावढि हुने छैन ।

## परिच्छेद-५

## परीक्षा, अन्तरवार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था

२२ परीक्षा, अन्तरवार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था : (१) करार शिक्षक छनौट समितिले परीक्षा हुने मिति, समय र केन्द्र तोक्नेछ र मर्यादित वातावरणमा परीक्षा संचालन गर्नेछ ।

(२) करार शिमक्षक छनौट तथा सिफारिस समितिले लिने प्रतियोगितात्मक परीक्षाको पुर्णाङ्क देहायवमोजिम हुनेछ :-

(क) लिखित परीक्षा :

(१) सामान्य परीक्षा - १०० अङ्क,

(२) विषयगत परीक्षा - १०० अङ्क,

(ख) प्रयोगात्मक परीक्षा - २५ अङ्क,

(ग) अर्न्तवार्ता - २५ अङ्क ।

(३) वुंदा (२) को खण्ड (क) वमोजिमको समान्य परीक्षाको उर्त्तीर्णाङ्क ५० अङ्क, विषयगत परीक्षाको उर्त्तीर्णाङ्क ४० अङ्क र खण्ड (ग) वमोजिमको परीक्षाको उर्त्तीर्णाङ्क १० अङ्क हुनेछ ।

(४) वुंदा (२) को खण्ड (क) को उपखण्ड (१) वमोजिमको समान्य परीक्षामा उर्तिण हुने उमेदवार मात्र सोही खण्डको उपखण्ड (२) वमोजिमको विषयगत परीक्षामा सहभागी हुन पाउनेछ ।

(५) शिक्षक छनौट समितिले वुंदा (२) को खण्ड (क) वमोजिमको लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा समान्य परीक्षामा प्राप्त अङ्कको पचास प्रतिशत र विषयगत परीक्षामा प्राप्त अङ्क जोडी हुने कुल प्राप्ताङ्कको आधारमा गर्नेछ ।

(६) वुंदा (२) को खण्ड (क) को उपखण्ड (१) वमोजिमको समान्य परीक्षाको किसिम वस्तुगत हुनेछ ।

(७) गाउँपालिका शिक्षा अधिकृत वा निजको प्रतिनिधिको जिम्मामा रहेको सिलवन्दी प्रश्नपत्र शिक्षक छनौट समितिको सदस्य सचिवको रोहवरमा छनौट समितिको अध्यक्षले

परीक्षा सञ्चालन हुनुभन्दा आधा घण्टा अगाडि सिलबन्दी खाम खोली गोप्यरुपमा फोटोकपी गरी प्रश्नपत्र परीक्षा संचालनमा खटिने कर्मचारीलाई उपलब्ध गराउनु पर्नेछ ।

(८) प्रश्नपत्रको गोप्नियिता कायम गर्ने छनौट समितिको कर्मचारीको दायित्व हुनेछ ।

(९) गाउँपालिको शिक्षा अधिकृत वा निजका प्रतिनिधिको रोहवरमा सम्वन्धित परीक्षा केन्द्रको हाताभित्र विषय विशेषज्ञद्वारा उत्तर पुस्तिका परीक्षण गराईनेछ ।

(१०) अन्तरवार्ताको अङ्क विभाजन गर्दा शिक्षक सेवा आयोगले स्थायी शिक्षक छनौटका लागि तोके अनुसार हुनेछ । सामान्यत अन्तरवार्तामा ३.५ भन्दा कम र ७.५ भन्दा वढी अङ्क दिन पाईने छैन । सो भन्दा वढी वा घटी अङ्क दिनुपरेमा सवै सदस्यले कारण खुलाई मुचुल्का गर्नुपर्नेछ ।

(११) विषयको प्रकृति हेरी आवश्कताको आधारमा छनौट समितिले प्रयोगात्मक परीक्षा लिन सक्नेछ । तर लिखित परीक्षा अघि र अन्तरवार्ता पछि प्रयोगात्मक परीक्षा लिन सकिने छैन ।

(१२) लिखित वा आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा लिइसकेपछि उत्तिर्ण सवैभन्दा वढि अंक प्राप्त गर्ने उम्मेदवारहरु मध्येबाट देहायको अनुपातमा उत्तिर्ण उम्मेदवारहरु थप गरी अन्तर्वार्ताको लागि उम्मेदवारको नाम वर्णानुक्रम अनुसार प्रकाशन गरिनेछ ।

| रिक्त पद संख्या | थप हुने संख्या |
|---|---|
| १ देखि ५ | २ |
| ६ देखि १० | ३ |
| ११ देखि १५ | ४ |
| १५ देखि २० | ५ |
| २१ देखि २५ | ६ |
| २६ देखि ३० | ७ |
| ३१ देखि ३५ | ८ |

३६ देखि ४०

४१ र सो भन्दा माथि २० प्रतिशत

तर अन्तिम क्रमसंख्यामा एक जना भन्दा बढी उम्मेदवारले बराबर अंक प्राप्त गरेमा त्यस्तो सबै उम्मेदवारको नाम प्रकाशन गरिनेछ।

(१३) बुंदा (२) बमोजिम उत्तिर्णाङ्क प्राप्त गर्ने उम्मेदवार आवश्यक संख्यामा नभएमा जति जनाले उत्तीर्णाङ्क प्राप्त गरेका छन् त्यति उम्मेदवारको नाम प्रकाशन गरिनेछ।

(१४) शिक्षक छनौट समितिले लिखित परीक्षा (आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा) र अन्तर्वार्ताको कुल अङ्क जोडी सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिस गर्नुपर्ने छ। यसरी सिफारिस गर्दा दोश्रो बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको नाम वैकल्पिक सुचीमा राख्नुपर्नेछ।

(१५) शिक्षक छनौट समितिले सिफारिस गरेका उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्ति दिई करार सम्झौता समेत गराई सो को जानकारी गाउँपालिको शिक्षा, युवा तथा खेलकुद शाखामा दिनुपर्नेछ।

(१६) देहायको अवस्थामा विद्यालय व्यवस्थापन समितिले वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई नियुक्त गर्न सक्नेछ :

(क) सिफारिस गरेको उम्मेदवारले १५ दिन भित्र नियुक्ति नलिएमा।

(ख) सिफारिस गरेको उम्मेदवारको मृत्यु भएमा, निजले राजिनामा दिएमा।

(ग) नियुक्ति पत्र बुझेको मितिले ७ दिनभित्र हाजिर नभएमा।

तर शिक्षक छनोट समितिले सिफारिस गरेको मितिले १ वर्ष नाघेपछि कुनै उम्मेदवारलाई वैकल्पिक विद्यालय व्यवस्थापन समितिले नियुक्त गर्न सक्ने छैन।

(१७) बुंदा (१६) बमोजिम वैकल्पिक उम्मेदवारलाई नियुक्त गरेमा सम्वन्धित विद्यालयले तुरुन्तै सो कुराको जानकारी गाउँपालिका शिक्षा, युवा तथा खेलकुदा शाखालाई दिनुपर्नेछ।

CamScanner

(१८) शिक्षक छनौट सम्वन्धि सम्पुर्ण निर्णयहरु निर्णय पुस्तिकामा अनिवार्य रुपमा लेखिएको हुनुपर्नेछ ।

(१९) छनोट समितिका पदाधिकारी, विषय विज्ञ र उम्मेदवारका वीच कानूनले तोके अनुसारको नजिकको नाता सम्वन्ध रहेको अवस्थामा उक्त नाता पर्ने व्यक्ति समितिमा रहने छैन ।

(२०) समितिका पदाधिकारीले प्रति बैठक रु. १५००(एक हजार पाँच सय मात्र) का दरले वढीमा तीनओटा वैठकको पारिश्रमिक लिन पाउने छन् । तर उत्तर पुस्तिका परीक्षण, प्रश्नपत्र निर्माण वापत वालविकास केन्द्र, आधारभूत र माध्यमिक तहको हकमा क्रमशः रु २०००।- (दुई हजार), रु २५००।-(दुई हजार पाँच सय) र रु ३०००।-(तीन हजार) सम्म प्रति विषय विज्ञ अतिरिक्त परिश्रमिक दिन वाधा पर्ने छैन ।

(२१) परीक्षा सम्वन्धि तोकिएको सम्पूर्ण खर्चको व्यवस्था सम्वन्धित विद्यालयले गर्नुपर्नेछ ।

## परिच्छेद-६

## करार शिक्षक नियुक्ती सम्बन्धी व्यवस्था

२३ . नेपाल सरकारवाट स्वीकृत दरवन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा व्यवस्थापन समितिले स्थानीय अधिकारी मार्फत शिक्षक सेवा आयोगवाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ ।

२४ . वुँदा (२३) वमोजिम माग गरेको सूची प्राप्त भएपछि सूचीमा रहेका उम्मेदवारहरु मध्येवाट योग्यता क्रमका आधारमा व्यवस्थापन समितिले वढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

२५ . वुँदा (२३) वमोजिम आयोगवाट प्रशाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदनमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा वढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेको कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

CamScanner

२६ बुंदा (२४) वा (२५) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा स्थानीय शिक्षा अधिकारीबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराई गाउँपालिको शिक्षा, युवा तथा खेलकुंद शाखाबाट अनुमति लिई विषय मिल्ने गरी करारमा शिक्षक नियुक्ति गर्नु पर्नेछ ।

२७ . छनौट प्रक्रियाबाट करारमा नियुक्ति भएका शिक्षकहरुको तोकिए बमोजिमको कागजात पेशगरी विद्यालयले गाउँपालिको शिक्षा, युवा तथा खेलकुद शाखामा अभिलेखीकरणको गराउनु पर्नेछ ।

२८ . बुंदा (२४) वा (२५) मा जुनसुकै कुरा लेखिएको भएतापनि करारमा शिक्षक नियुक्त भएको एक शैक्षिक सत्रसम्म पनि रिक्त पदामा स्थायी पदपुर्ति नभएमा व्यवस्थापन समितिले यसरी सथयी पदपुर्ति नभएसम्मको लागि एक पटकमा छ महिनामा नबढाई करारको म्याद थप गर्न सक्नेछ ।

२९ . बुंदा (२८) बमोजिम म्याद थपिएको जानकारी विद्यालयले गाउँपालिको शिक्षा, युवा तथा खेलकुद शाखालाई दिनुपर्नेछ ।

३० . बालविकास केन्द्रका सहजकर्ता, राहत अनुदान कोटामा र करारमा शिक्षक छनौट सम्वन्धी व्यवस्था यसै परिच्छेदमा उल्लेख भए बमोजिम हुनेछ ।

३१ . यस कार्यविधि बमोजिमको प्रक्रिया नपुऱ्याई शिक्षक, विद्यालय कर्मचारी नियुक्त गरिएमा गाउँपालिको स्थानीय शिक्षा अधिकारी/ शिक्षा अधिकृतले त्यसरी नियुक्त भएको छ महिना सम्म त्यस्तो निणर्य बदर गर्न वा आवश्यक कारवाही गर्न नगरपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

३२ . गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा यस कार्यविधि लागु हुनु अघि रिक्त स्वीकृत दरबन्दीमा नियुक्त भएका शिक्षक ,राहत अनुदान शिक्षक ; शिक्षण सहयोग अनुदान शिक्षक ,विद्यालय कर्मचारी , बालविकास सहजकर्ता को नियुक्ति तथा छनौट प्रक्रिया यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

## परिच्छेद ७

### करार शिक्षक को सेवा शर्त सम्बन्धि व्यवस्था

३३ . करार शिक्षक को सेवा शर्त : करार शिक्षक को कार्यअवधि १ शैक्षिक सत्र को हुनेछ र करार शिक्षक ले नियुक्ति भएको विद्यालय मा उपस्थिति भई नियमित रुपमा शिक्षण गर्नु पर्नेछ ।

३४ . शैक्षिक सत्र समाप्त पश्चात सम्वन्धित विद्यालय ले शिक्षक को कार्यसम्पादन तथा कार्यक्षमता को आधारमा मुल्यांकन गरी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित पुन म्याद थप गरि त्यसको जानकारी गाउँ पालिकाको कार्यालय मा दिनु पर्नेछ ।

३५. करार शिक्षक को विदा : गाउँ पालिकाको निजि स्रोत वाट नियुक्ति भएका करार शिक्षक हरुले देहाय बमोजिमको विदा पाउने छन।

१ विद्यालयको रुजु हाजिरको आधारमा प्रत्येक महिनामा एक दिन भैपरी आउने विदा अथवा बिरामी विदा ,

२. आफ्नो रित र परम्परा अनुसार वढीमा १५ दिन किरिया विदा

३६ . आचारसंहिता

१) परीक्षा सञ्चालनका लागि केन्द्राध्यक्ष र निरीक्षकको व्यवस्था छनौट तथा सिफारिस समितिले तोके बमोजिम हुनेछ । प्रश्नपत्र निर्माण तथा उत्तरपुस्तिका परीक्षणमा संलग्न हुने पदाधिकारीहरुले उक्त परीक्षा सञ्चालन अवधिभर परीक्षा हलमा प्रवेश गर्न पाउनेछैनन् ।

२) तोकिएको स्थानमा परीक्षाको प्रश्न निर्माण देखि परीक्षाको नतिजा सार्वजनिक नहुनजेलसम्म छनौट समितिमा संलग्न समितिका जिम्मेवार व्यक्तिहरुले मोबाइल फोन स्विच अफ गर्नुपर्नेछ र व्यवस्थापन कार्यमा संलग्न कर्मचारीले आवश्यकतानुसार मोबाइल फोन प्रयोग गर्न सकिनेछ । परीक्षार्थीले भने परीक्षा अवधिभर मोवाइल फोन, क्याल्कुलेटर लगायत सम्पूर्ण इलेक्ट्रोनिक्स ग्याजेट्स (सामग्री) परीक्षा हलमा लान पाइने छैन ।

३) परीक्षा केन्द्र भित्र प्रवेश गरिसकेपछि परीक्षामा संलग्न व्यक्तिहरुले परीक्षार्थीसँग र अन्य असम्वन्धित व्यक्तिहरुसँग व्यक्तिगत भेटघाट र सम्पर्क गर्न पाउने छैनन् ।

४) परीक्षा मर्यादित, संयमित र निष्पक्ष रुपमा सञ्चालन गर्ने गराउने मुख्य जिम्मेवारी शिक्षक छनौट तथा सिफारिस समितिको हुनेछ ।

५) परीक्षा केन्द्रको सुरक्षाको व्यवस्था मिलाउने दायित्व छनौट तथा सिफारिस समितिको हुनेछ ।

६) तोकिएको परीक्षा केन्द्रलाई चार किल्ला कायम गरी परीक्षा प्रक्रिया आरम्भ भई सकेपछि नतिजा सार्वजनिक नहुन्जेल परीक्षासँग असम्वन्धित व्यक्तिहरुलाई उक्त स्थानमा प्रवेश निषेध गरिनेछ ।

७) परीक्षार्थीले प्रयोग गर्ने उत्तरपुस्तिका र लेखे मसीमा एकरुपताका लागि अनिवार्य रुपमा कालो मसी नै प्रयोग गर्नु पर्नेछ र सबै परीक्षार्थीलाई सम्बन्धित विद्यालयले अनिवार्य रुपमा उत्तरपुस्तिका उपलब्ध गराउनुपर्नेछ ।

८) परीक्षामा अवाञ्छित क्रियाकलाप हुन नदिन बाह्य हस्तक्षेप र प्रभाव पर्ने कुनै गतिविधि भएमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा गाउँ शिक्षा समितिका सदस्य सचिवले तत्काल त्यसको जानकारी सामाजिक विकास समितिका संयोजक, गा.पा. प्रमुख एवंम् सुरक्षा निकायलाई जानकारी गराउनुपर्नेछ ।

९) परीक्षामा संलग्न विज्ञ, सदस्य र अधिकृतबाट अनियमित कार्य भएको प्रमाणित भएमा त्यस्तो कार्य गर्ने अधिकृत र विज्ञ सदस्यहरुलाई विज्ञको सूचिबाट हटाई विभागीय एवं नियमानुसार गाउँ कार्यपालिकाले कारवाही समेत गर्नेछ । अनियमित कार्य भएको प्रमाणित भएमा उक्त परीक्षा रद्द हुनेछ र पुनः परीक्षाको प्रक्रिया अगाडि बढाउनुपर्नेछ ।

३७ . यस कार्यविधिमा विधालय व्यवस्थापन समितिको निर्णयबाट हुने भनिएको सम्पूर्ण कार्य विधालय व्यवस्थापन समिति नरहेको खण्डमा शिक्षक कर्मचारी बैठकबाट निर्णय भई आएमा मान्य हुनेछ । शिक्षक तथा कर्मचारी करारमा नियुक्ति सम्वन्धि अन्तिम निर्णय छनौट तथा सिफारिस समितिको हुनेछ ।

CamScanner

परिच्छेद-८

विविध

३८ थपघट, व्याख्या वा हेरफेर : (१) यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै वाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि गाउँकार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट र संशोधन वा हेरफेर गर्नसक्नेछ । साथै यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा विश्रामपुरगाउँ पालिका शिक्षा विधेयक् २०७५ ,नगरशिक्षा समितिको निर्णय, शिक्षक सेवा आयोग नियमावली, २०५७ र अन्य प्रचलित कानूनमा भएको व्यवस्था अनुसार हुनेछ ।

९ . खारेजी र वचाउ : (१) यस कार्यविधिमा उल्लेख भएका कुनैपनि प्रावधान प्रचलित ऐन, कानूनसंग वाझिएमा वाझिएको हदसम्म स्वत: खारेज हुनेछ ।

(२) तर यस कार्यविधिको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्नेछ ।

अनुसुचि १

(*करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७९ परिच्छेद ४ को दफा १९ सँग सम्बन्धित)

विज्ञापन को ढाँचा

श्री .........................................................विद्यालय

विश्रामपुर ...........बारा

विषय – विज्ञापन सम्वन्धमा

प्रस्तुत विषयमा विश्रामपुर गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा को मिति ...........गतेको अनुमति पत्र तथा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति ..................निर्णय अनुसार यस विद्यालयको रिक्त दरबन्दी / गाउँपालिका स्रोत / अनुदानमा तपशिल अनुसार शिक्षक आवश्यक परेको हुनाले योग्य , अनुभवी एवम इच्छुक व्यक्तिहरु बाट सूचना जारी भएको मिति देखि लागु हुने गरी शिक्षक सेवा आयोगको करार सुचीमा रहेका उम्मेदवार को हकमा ८ दिन र अन्य को हकमा ७ दिन गरी जम्मा १५ दिन भित्रमा दरखास्त दिनुहुन यो सूचना आवहान गरिएको छ ।

तपशिल

| क्रम स | विज्ञापन न. | तह | सेवा | संख्या |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

१.आवश्यक न्युनतम योग्यता र अनुभव

क) प्रा.वि तहको लागि नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्था वाट माध्यमिक शिक्षा उतिर्ण वा सो सरह परिक्षा उतिर्ण गरी शिक्षा विषयमा कम्तिमा दश महिने वा सो सरह तालिम लिएको वा माध्यमिक शिक्षा उतिर्ण परिक्षामा चार सय पूर्णाङक को शिक्षा विषय लिई सो परिक्षा उतिर्ण गरेको ।

ख) नि.मा.वि तहको लागि सम्बन्धित विषयमा नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्था वाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरि शिक्षा विषयमा कम्तिमा दश महिना तालिम लिएको ।

CamScanner

ग। मा.वि तहको लागि सम्बन्धित विषयमा नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्था बाट स्नातक तह वा सो सरह को परिक्षा उतिर्ण गरी शिक्षा विषयमा कम्तिमा दश महिना को तालिम लिएको ।

२. दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको .

३.दरखास्त दिने स्थान : सम्बन्धित विद्यालय

४. दरखास्त दिने अन्तिम मिति :...................................

५. आवेदन दस्तुर ......................( यस विद्यालय को .........बैंक स्थित खाता .........मा रकम जम्मा गरि त्यसको सक्कल रसिद सहित आवेदन पेश गर्ने ।

६ परिक्षा को किसिम : शिक्षक सेवा आयोगको निर्धारित पाठ्यक्रम अनुसार

७. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयंले हस्तलिखित आवेदन सहित नोटरी पब्लिक बाट प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरु:

क) नागरिकता को प्रमाणपत्र प्रतिलिपि

ख) न्युनतम योग्यताको प्रमाणपत्र को प्रतिलिपि

ग) चारित्रिक प्रमाणपत्र

घ) अनुभव सम्बन्धि कागजातहरु

ङ) आध्यापन अनुमतिपत्र अनिवार्य

च ) दुइ प्रति पासपोर्ट साइज को फोटो

८.सेवा सुविधा तथा अन्य :- विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार

९.आवेदन को ढाँचा यस विद्यालय बाट प्राप्त गर्न सकिनेछ

१०. महिला ,दलित समुदाय , पिछडिएका क्षेत्र , कम्प्युटर सिप भएका,न्युनतम शैक्षिक योग्यता भन्दा माथिल्लो योग्यता भएका र अनुभवी हरुलाई विशेष प्राथमिकता दिइनेछ ।

११. शिक्षक सेवा आयोगको करार सुचीमा रहेका उम्मेदवारहरुको आवेदन परेमा अन्य उम्मेदवार को आवेदन शुल्क सहित आवेदन फिर्ता गरिनेछ ।

CamScanner

अनुसूची-२

(करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७२ दफा १२ सँग सम्बन्धित)

**करार शिक्षक नियुक्तिका लागि दरखास्त फारमको ढाँचा**

श्री .................विद्यालय

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र |

विश्रामपुरयारा ,
प्रदेश नं २, नेपाल

करारको लागि दरखास्त फारम

विज्ञापन नं.

पद:

वैयक्तिक विवरण (क)

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्ग: |
| | नागरिकता नं: | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला: | ख) न.पा./गा.वि.स. | | ग) वडा नः |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | | च) फो नं. |
| पत्राचार गर्ने ठेगाना : | | | | ईमेल: |
| बाबुको नाम, थर : | | | | जन्म मिति : |
| बाजेको नाम, थर : | | | हालको उमेर : वर्ष: महिना: | |

दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता) तालिम/शैक्षिक योग्यता तालिम मात्र उल्लेख गर्ने

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

अनुभव सम्बन्धि विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त वुझाएको पदको सूचनाको लागि अयोग्य

CamScanner

ठहरिने गरी कुनै सजाय पाएको छैन ।

कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी/ प्रचलित कानून तथा यस दरखास्त फारामका

पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाँप | | उम्मेदवारको दस्तखत: |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मिति: |
| विद्यालयले भर्ने: | | |
| रसिद/भौचर नं. : | रोल नं. : | |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखत:<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत:<br>मिति : | |

द्रष्टव्य दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले : प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, , समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि

न्यूनतम शैक्षिंक योग्यताको प्रमाणपत्र र चारित्रिक

प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्य इन्जिनियरिङ्ग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र को प्रतिलिपि(लाईसेन्स),

तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।

अनुसूची-३

( करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७९ को दफा २० सँग सम्बन्धित)

करार शिक्षक नियुक्तिका लागि प्रवेशपत्रको ढाँचा

श्री ..............................विद्यालय

विश्रामपुर, बारा
प्रदेश नं. २, नेपाल

**प्रवेशपत्र**

| रोल नं. |
|---|

| पासपोर्ट साईजको फोटो |
|---|

परिक्षार्थीले भर्ने:

क) नाम, थर:-

ख) पद:-

ग) तह:-

घ) उम्मेदवारको दस्तखत:-

सम्वन्धित विद्यालय ले भर्ने

यस श्री ..................................विद्यालय बाट लिइने उक्त पदको परिक्षामा तपाईलाई सम्मिलित हुन अनुमति दिईएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुन सुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

........................ ......................

प्र.अ को दस्तखत विद्यालयको छाप

अनुसूची - ४

(सामुदायिक बिद्यालय "करारेमी शिक्षक तथा कर्मचारी नियुक्ति सम्वन्धी कार्यविधि, २०७९ को परिच्छेद ५ को (१५) सँग सम्बन्धित)

**करार शिक्षक नियुक्तिका लागि करार सम्झौता ढाँचा**

श्री .................................विद्यालय

विश्रामपुर, वारा

प्रदेश नं. २, नेपाल

यस करार सम्झौता पत्र जसमा श्री...............................................विद्यालय (प्रथम पक्ष )र यस विद्यालय को छनौट समितिको सिफारिस एवम विद्यालय व्यवस्थापन समितिको मिति ....................को निर्णय अनुसार ...........तह को करार शिक्षक को रुप मा तपाई दोश्रो पक्ष लाइ तपशिल बमोजिम को सेवा शर्त तथा सुविधा रहने गरि एक शैक्षिक सत्र को लागि नियुक्ति गरिएको छ , हामी पहिलो पक्ष र दोश्रो पक्ष बीच सम्झौता भइ सेवा शर्त तथा सुविधा मन्जुर समेत गरी त्यस को एक प्रति बुझिलीयौ

१. कामकाज सम्वन्धमा : दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. काम गर्नु पर्ने स्थान ..............................................

३. करारमा काम गरे बापत पाँउने पारिश्रमिक : प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा पारिश्रमिक उपलव्ध गराउने छ

४. आचरणको पालनाः दोश्रो पक्षले विधालय को प्रचलित कानून ,शिक्षा नियमावली ,विश्रामपुर गाउँ शिक्षा एन मा व्यवस्था भएका आचरण तथा अनुशासन सम्वन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. विदाः दोस्रो पक्षलाई विद्यालयमा रुजु हाजिरको आधारमा प्रत्येक महिनामा एक दिन भैपरी आउने विदा अथवा विरामी विदा र आफ्नो रित र परम्परा अनुसार वढीमा १५ दिन किरिया विदा उपलब्ध गराईनेछ ।

६. कार्यालय सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको विगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. गोप्यताः दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्ष्तिपूर्ति दोश्रो पक्षवाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

CamScanner

८. करार अवधिः यो करार २०७.....भईलागु देखि..........।........ २०७ ...असार मसान्त सम्मको लागि हुनेछ ।

९. कार्यसम्पादन मूल्यांकनः पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोश्रो पक्षले पहिलो पक्षलाई लगातार७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलव्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्वन्धी कुराहरु बरावर उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन वाधा पर्ने छैन ।

११. दावी नपुग्नेः दोश्रो पक्षले यस करार वमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दावी गर्न पाँउने छैन /गर्ने छैन ।

१२. प्रचलित कानून लागू हुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित शिक्षा नियमावली /विश्रामपुर गाउँ शिक्षा एन / कानून वमोजिम हुनेछ।

| विधालय तर्फवाट : | दोस्रो पक्ष :(करार गर्ने व्यक्ति) |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | ठेगाना : |
| कार्यालयको छापः | |

अनुसूची ५

(*करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७९ को परिच्छेद ५ को (१५) सँग सम्बन्धित)

नियुक्ति पत्र को ढाँचा

श्री ............................विद्यालय

विश्रामपुर ................वारा

श्री ...........................

विषय – नियुक्ति सम्बन्धमा ।

प्रस्तुत विषयमा यस विद्यालयको शिक्षक छनौट समितिको मिति ...........को सिफारिस एवम विद्यालय व्यवस्थापन समितिको मिति ...........गतेको निर्णय अनुसार तपाई लाइ स्वीकृत दरवन्दी अस्थाई करार / गाउँपालिका स्रोत / ......अनुदान अन्तर्गत ........तह ........विषय शिक्षकको रुपमा करार सम्झौता बमोजिमको सेवा शर्त तथा सुविधा रहने गरि नियुक्ति गरिएको छ ।

करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७९ , विश्रामपुर शिक्षा विधेयक २०७५ तथा प्रचलित नियमानुसार गाउँपालिका /प्र.अ को मातहतमा रही कार्य गर्नुहोला ।

स्वीकृत दरवन्दी अस्थाई करार/................/ गाउँपालिका स्रोत /......... अनुदान शिक्षकमा नियुक्ति हुनु भएकोमा हार्दिक बधाई छ ।